छैठौं राष्ट्रिय कर दिवस २०७४ एवम् कर सप्ताहको समापन कार्यक्रम

# कर सम्बन्धी व्यवस्थामा
# नेपाल उद्योग वाणिज्य महासंघको धारणा

## मूलभूत व्यवसायिक समस्याहरु

- उद्योग व्यवसायको क्षेत्रमा राज्यको पर्याप्त दृष्टि नपुगेको ।
- व्यवसायिक क्षेत्रका कानून तथा नीति नियमहरु समयानुसार परिवर्तनीय नभएको साथै स्थायित्व नभएको ।
- राजस्व नीतिलाई उद्योग र वाणिज्य क्षेत्रमा लगानी अभिवृद्धि उत्पादन, उत्पादकत्व, व्यापार र रोजगारी संग नजोडिएको ।
- उद्योग व्यवसाय क्षेत्रको लागि सरकारी निकायहरु Facilitator हुन नसकेको ।
- अन्तर सरकारी निकायको राम्रो समन्वय हुने नगरेको ।

## महासंघको सुझाव

- नीतिगत
- कर प्रशासनको ढांचा
- उद्योग तथा लगानी प्रवर्द्धन
- आयकर (व्यक्तिगत तथा संस्थागत)
- मूल्य अभिवृद्धि कर
- अन्तःशुल्क
- यातायात
- राजस्व सम्बन्धी न्यायिक प्रणाली

## नीतिगत

नेपाल सरकारबाट हाल तर्जुमा भइरहेको आर्थिक नीतिमा
**I-TEA** लाई **I-ITEA** गरी औद्योगिकरणलाई पनि जोडिनु पर्दछ ।

I – Infrastructure

I – Industrialization

T – Tourism

E – Energy

A – Agricultur**e**

*क्रमश...*

## नीतिगत

- उपरोक्त I-ITEA को सेरोफेरोमा महासंघको सुझाव आन्तरिक राजस्व विभाग संग केन्द्रित रहेको छ ।
- उद्योग व्यवसायसंग जोडिएका विभिन्न ऐनहरुलाई समसामयिक बनाउंदै लैजानु पर्ने ।
- राजस्वको लक्ष्य जस्तै लगानी विस्तारको लक्ष्य, उद्योग स्थापनाको लक्ष्य, उत्पादकत्वको लक्ष्य, रोजगारी बृद्धिको लक्ष्य समेत सरकारले निर्धारण गरी यसको समिक्षा गुर्नपर्ने ।
- ऐन कार्यान्वयमा दुविधा हटाउन तथा सरलिकरण ल्याउन हाल भएका कर सम्बन्धी ऐनहरुलाई समेटी कर सम्बन्धी एकिकृत कर ऐन Tax Code हुनु पर्ने ।

*क्रमश...*

## नीतिगत

• राजस्व प्रशासनका विभिन्न अंगहरुबाट पटक पटक परिक्षण गर्ने व्यवस्थाका कारण करदाताले हैरानी भोग्नुपर्ने भएको । यसलाई अन्त्यगरी आफैमा सक्षम आयकर, मू.अ. कर, अन्तःशुल्क ऐनहरुको अधिनमा रहि आन्तरिक राजस्व विभाग बाट मात्र निरिक्षण परिक्षणको काम हुनुपर्ने ।

• विद्युतीय माध्यमबाट उपलब्ध गराइएका सेवाहरुलाई थप विस्तार गरी कर तिर्ने, विवरण हेर्ने तथा कर चुक्ता प्रमाणपत्र पाउने जस्ता करदाता सेवा विद्युतीय माध्यमबाट सहजरुपमा उपलब्ध हुनुपर्ने ।

## संघीयतामा कर प्रशासनको ढांचा

- संघीय राज्य तथा स्थानीय सरकारले श्रोतको बांडफांड गर्दा एउटा करदाताले तिर्नुपर्ने राजस्वको दायित्व एउटै निकाय मार्फत तिर्नुपर्ने, बुझाउनु पर्ने व्यवस्था हुनुपर्छ । राजस्व असुलिको विभिन्न तहको सरकारका बिचको बाँडफाँड आन्तरिक रुपमा सोही सरकारी निकाय मार्फतहुनु पर्ने । उदाहरण : घर बहाल कर हाल १० प्रतिशत र १२ प्रतिशत तिर्नु पर्ने र कसलाई तिर्नुपर्ने अन्यौलको अवस्था छ ।
- केन्द्रीय राजस्व बोर्डको गठन गरिनु पर्ने ।
- सबै प्रदेशमा ठूला करदाता कार्यालय हुनुपर्ने ।

## उद्योग तथा लगानी प्रवर्द्धन (Industrialization)

- उद्योग तथा लगानी प्रवर्द्धनमा राष्ट्रको कर नीतिको गहिरो प्रभाव हुन्छ । सरकारले दिने छुटलाई छुट भन्दा आफुले गरेको लगानीको रुपमा हेर्नुपर्दछ
- कर छुटका व्यवस्थाहरु छिमेकी मुलुकहरु भन्दा आकर्षक र छिटो छरितो उपलब्ध हुने हुनुपर्दछ ।
- हाल जारी भएको औद्योगिक व्यवसाय ऐन, श्रम ऐन आदि संग आय कर ऐन, मू.अ.कर ऐनहरु अर्थ मन्त्रालयको अग्रसरतामा तुरुन्त संसोधन गरीनु पर्दछ ।
- Commercial Farming मा आयकर छुट हुनु पर्ने ।

*क्रमश...*

## उद्योग तथा लगानी प्रवर्द्धन (Industrialization)

- निर्यात प्रवर्द्धनका लागि निर्यातबाट आर्जित आयमा लाग्ने आयकरमा हाल दिइरहेको २५ प्रतिशत छुटलाई ५० प्रतिशत बनाउनु पर्ने ।
- सेवा निर्यात लाई समेत उपरोक्त बमोजिमको छुट पाउने व्यवस्था हुनुपर्ने ।

## आयकर (व्यक्तिगत) :

- कारोवारको आधारमा लिइने पूर्वानुमानित करको व्यवस्थालाई पुनरावलोकन गर्नुपर्ने ।
- व्यक्तिको रु २५ लाख भन्दा बढि आयमा थप ४० प्रतिशत थप Surcharge लाग्ने व्यवस्था खारेज हुनु पर्ने ।
- जीवन बीमा प्रिमियमको खर्च लेख्न पाउने रकम पुनरावलोकन हुनुपर्ने ।

## आयकर (संस्थागत) :

- ५० प्रतिशतभन्दा बढी स्वामित्व परिवर्तन हुंदा सम्पत्ति र दायित्वको मूल्याकंन गर्नु पर्ने व्यवस्था खारेज हुनु पर्ने । सञ्चित नोक्सानी कट्टा गर्न पाउनु पर्ने । (आयकर ऐन २०५८ को दफा ५७)
- उर्जा बचत तथा वातावरण प्रदुषण नियन्त्रण गर्ने यन्त्र उपकरणमा गरेको लगानी सोहि बर्ष खर्च लेख्न पाउने व्यवस्था हुनुपर्ने ।
- उत्पादनमूलक उद्योगलाई  थप एक तिहाई ह्रास कट्टी गर्न पाउने व्यवस्थालाई स्वेच्छिक गरिनु पर्ने ।
- वास्तविक मर्मत सुधार खर्च सोहि वर्ष पुरै खर्च लेख्न पाउने व्यवस्था हुनु पर्ने । (हालको व्यवस्था व्यवहारिक नभएको)

*क्रमश...*

## आयकर (संस्थागत)

- पूंजीगत लाभकरलाई अन्तिम भुक्तानी मानिनु पर्ने ।
- सामाजिक, परोपकार तथा CSR का क्षेत्रहरुमा औद्योगिक व्यवसाय ऐन अनुसार उद्योग व्यवसायबाट भएको खर्च पुरै कट्टी गर्न पाउने व्यवस्था हुनुपर्ने ।

## मूल्य अभिवृद्धि कर :

- मूल्य अभिवृद्धि कर माफी भएका वस्तुहरु उत्पादन गर्ने उद्योगले शुन्य दरमा दर्ता गर्न पाउने व्यवस्था हुनु पर्ने ।
- विजुलीमा शुन्य दरको VAT लाग्ने व्यवस्था हुनुपर्ने ।
- दर्तावालालाई विक्री गरेको सामानमा विल मुल्यलाई मान्यता दिनु पर्ने ।
- हाल Mismatch ले गर्दा देखिएका अव्यवहारिक कठिनाई हरुलाई छलफल निर्क्योल गर्नुपर्ने ।

## अन्तः शुल्क

- मूल्य अभिबृद्धि कर लागु गर्दाको वखतको आसय अनुसार सुर्तिजन्य र मदिराजन्य वस्तु बाहेक अन्य वस्तुमा अन्तशुल्क नलाग्ने ब्यवस्था हुनु पर्ने ।
- प्याकिङ्ग सामान समेतमा तिरेको अन्तःशुल्क तयारी वस्तुको अन्तःशुल्कमा समायोजन गर्न पाउनु पर्ने ।

## यातायात क्षेत्र

- खानी उत्खनन् सम्बन्धी सवारी साधनहरु यी प्रकृतिका उद्योगको लागि मेशिन जस्तै हुन् । सो मा सवारी कर लागाउन नहुने ।

## राजस्व सम्बन्धी न्यायिक प्रणाली

- राजस्व सम्बन्धि विवाद समाधान गर्नका लागि स्थायी प्रकृतिको विवाद समाधानको संयन्त्र गठन गरिनु पर्ने ।
- कर अधिकृतले गरेको निर्णय विरुद्ध प्रशासनिक पुनरावलोकनका लागि निवेदन दिंदा ३३ प्रतिशत नगद धरौटी र राजस्व न्यायाधीकरणमा पुनरावेदन गर्दा ५० प्रतिशत नगद धरौटीको सट्टा बैंक ग्यारेन्टिको व्यवस्था हुनुपर्ने ।
- राजस्व न्यायाधीकरणमा कर अधिकृत सदस्यको रुपमा रहदा निष्पक्षताको आधार गुम्ने भएकोले स्वतन्त्र कर विज्ञ नियुक्त हुने व्यवस्था हुनुपर्ने ।
- राजस्व न्यायाधिकरण ऐन पुनरावलोकन हुनुपर्ने ।

*क्रमश...*

## राजस्व सम्बन्धी न्यायिक प्रणाली

- राजस्व न्यायाधीकरणले गरेको फैसलामा नेपाल सरकार पुनरावेदनमा जाने व्यवस्था अन्त्य हुनुपर्ने ।
- सार्वजनिक सुनुवाइलाई पुनः व्यवहारमा ल्याउनु पर्ने ।
- आर्थिक कसुरमा फौजदारी कसुर सरह जेल सजाय हुन नहुने ।
- कर अधिकृतबाट परिक्षण भएको फाईलमा महालेखा परिक्षकको कार्यालयले कैफियत देखाएमा परिक्षण गर्ने कर कार्यालयले सोको बचाउ गर्नुपर्ने ।
- कर परिक्षण गर्दा नियतवश करदाताको दायित्व बढ्नेगरी कर निर्धारण गरेमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्ने ।
- Burden of Proof कर अधिकृतमा हुने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।

*क्रमश...*

## राजस्व सम्बन्धी न्यायिक प्रणाली

- प्रशासकीय पुनरावलोकनलाई पारदर्शी तथा करदाता मैत्री बनाउन विज्ञ तथा उद्योग वाणिज्य संघ समेतको सहभागितामा महानिर्देशकको नेतृत्वमा छुट्टै स्वतन्त्र (Independent) प्रशासकीय पुनरावलोकन समिति बनाउनु पर्ने ।

*“स्वच्छ प्रशासन स्वच्छ व्यवसाय”*

धन्यवाद !